# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२।०९।०६

## प्रेस विज्ञप्ति

पत्रकार अजय गोर्खालीको मृत्यु रहस्यमय देखिएको आशंकाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ । २०८२ मंसिर २० गते उनको निधन भएको थियो ।

सार्वजनिक भएका फोटो, भिडियो तथा प्रत्यक्षदर्शीको भनाइले गोर्खालीको मृत्यु रहस्यको घेराभित्र रहेको आशंका गर्नसकिने महासंघ चितवन शाखाले जनाएको छ ।

शाखाले "पत्रकार अजय गोर्खालीको रहस्यमय निधनबारे अध्ययन समिति" गठन गरी घटनाको अध्ययन गरिरहेको जनाएको छ ।

अत: महासंघ यो घटनाको तत्काल छानबिन गरी सत्य-तथ्य पत्ता लगाइ दोषीलाई कानुनी दायरामा ल्याउन सम्बन्धित निकायसँग जोडदार माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org